# नेपाल राजपत्र

नेपाल सरकारद्वारा प्रकाशित

खण्ड ५७) काठमाडौं, चैत ४ गते २०६४ साल (संख्या ४८

## भाग ३

### सर्वोच्च अदालतको

सूचना १

**सर्वोच्च अदालत (नवौ संशोधन) नियमावली, २०६४**

सर्वोच्च अदालत नियमावली २०४९ मा संशोधन गर्न वाञ्छनीय भएकोले सर्वोच्च अदालत ऐन २०४८ को दफा ११ ले दिएको अधिकार प्रयोग गरी सर्वोच्च अदालतले देहायका नियमहरु बनाएको छ ।

१. **संक्षिप्त नाम र प्रारम्भ** : (१) यी नियमहरुको नाम सर्वोच्च अदालत (नवौं संशोधन) नियमाबली २०६४ रहेको छ ।

(२) यो नियमाबली तुरुन्त प्रारम्भ हुनेछ ।

२. **मुल नियमावलीको नियम २ मा खण्ड (च१) थप**: सर्वोच्च अदालत नियमावली, २०४९ (यसपछि "मुल नियमावली" भनिएको) को नियम २ को खण्ड (च) पछि देहायको खण्ड (च१) थप गरिएको छ :

(च१) "सूचना प्रविधि" भन्नाले विद्युतिय तथा कम्प्युटर प्रणालीको माध्यमद्वारा सूचना सिर्जना गर्ने, उत्पादन गर्ने, संकलन गर्ने, संप्रेषण गर्ने, आदान प्रदान गर्ने, संचय गर्ने, प्रदर्शन गर्ने वा प्रशोधन गर्ने कामलाई समेत सम्झनुपर्छ ।

Scanned by CamScanner

३. **मुल नियमावलीको नियम ४ मा संशोधन:** मुल नियमावलीको नियम ४ को उपनियम (१) को खण्ड (घ) झिकिएको छ ।

४. **मुल नियमावलीको नियम ६ मा संशोधन** : मूल नियमावलीको नियम ६ को उपनियम (१) र (२) को सट्टा देहायको उपनियम (१) र (२) राखिएको छ:

"(१) कुनै मुद्दाको निर्णय उपर पुनरावलोकन गरी पाउँ भन्ने निवेदनमा न्याय प्रशासन ऐन ,२०४८ को दफा ११ को उपदफा (१) को खण्ड (क) को प्रश्न उठाइएको रहेछ भने त्यस्तो निवेदन पहिले निर्णय गर्ने न्यायाधीशहरु वाहेकका अन्य न्यायाधीश भएको एक न्यायाधीशको इजलास वा संयुक्त इजलासमा र खण्ड (ख) को प्रश्न उठाइएको रहेछ भने पहिले निर्णय गर्ने न्यायाधीशहरु वाहेकका अन्य न्यायाधीशहरुको पूर्ण इजलासमा पेश गरिनेछ ।"

" (२) कुनै निर्णयको पुनरावलोकन गर्ने आदेश भएमा निवेदक र प्रत्यर्थीलाई त्यसको सूचना दिई सो मुद्दा यथासम्भव उपनियम (१) बमोजिम पुनरावलोकन गर्ने आदेश दिने न्यायाधीशकै इजलासमा पेश गरिनेछ । "

५. **मूल नियमावलीमा नियम १३घ३ थप:** मूल नियमावलीको नियम १३घ२ पछि देहायको नियम १३घ३ थपिएको छ :-

**१३घ३. सूचना प्रविधि समिति:** (१)सर्वोच्च अदालत तथा मातहत अदालतहरुमा सूचना प्रविधिको प्रयोग सम्वन्धमा आवश्यक नीति निर्धारण गर्न र निर्देशन दिन देहाय बमोजिमको एक सूचना प्रविधि समिति रहनेछ :

(क) प्रधानन्यायाधीशले तोकेको एकजना न्यायाधीश- अध्यक्ष
(ख)प्रधानन्यायाधीशले तोकेको एकजना अर्को न्यायाधीश- सदस्य
(ग) रजिष्ट्रार- सदस्य
(घ) सह रजिष्ट्रार,अनुगमन तथा निरीक्षण महाशाखा- सदस्य
(ङ) शाखा प्रमुख, सूचना प्रविधि शाखा- सदस्य सचिव

(२) उपनियम (१) बमोजिमको समितिले नेपालको न्याय प्रणालीलाई सूचना प्रविधि मैत्री बनाउन आवश्यक नीति र कार्यक्रम तर्जुमा गरी लागु गर्ने सम्बन्धमा अध्ययन गरी गराई आवश्यकतानुसार सर्वोच्च अदालत मातहत रहने गरी सूचना प्रविधि सम्बन्धी संयन्त्र स्थापना गर्ने तर्फ सिफारिस सहित आवश्यक कदम चाल्नेछ ।



Scanned by CamScanner

६. **मूल नियमावलीको नियम २२ क मा संशोधन** : मूल नियमावलीको नियम २२क.को उपनियम (१) को खण्ड (ख) पछि देहायको खण्ड (ख१) थप गरिएको छ ,

"(ख१) इजलासमा पेश हुने मुद्दा र तत्सम्बन्धी आवश्यक विवरणहरु सम्बन्धित सबैलाई जानकारी हुनेगरी वेबसाइटमा राख्न कम्प्युटर डाटावेसमा इन्ट्रि गर्ने ।

७. **मूल नियमावलीको नियम २४ मा संशोधन** : मूल नियमावलीको नियम २४ को उपनियम (२)को खण्ड (क) पछि देहायको खण्ड (क१) थप गरिएको छ –

"(क१)आफ्नो शाखामा आफु लगायत मातहत कर्मचारीबाट हुने काम कारबाहीमा सूचना प्रविधिको प्रयोग गर्ने गराउने, सफ्टवेअरको प्रयोग सहि ढंग बाट भए नभएको हेरी आवश्यक निर्देशन दिने ।"

८. **मूल नियमावलीको नियम ४०क. मा संशोधन** : मूल नियमावलीको नियम ४०क.को उपनियम (४) मा रहेको "दुई पृष्ठ" भन्ने शव्दहरुको सट्टा "तीन पृष्ठ" भन्ने शव्दहरु राखिएका छन् ।

९. **मूल नियमावलीको नियम ५० मा संशोधन** : मूल नियमावलीको नियम ५० को उपनियम (३) पछि देहायको उपनियम (४) थप गरिएको छ ,

(४) धरौटीमा रहेको पुनरावेदकले पुनरावेदन पत्र दर्ता नहुँदै तारेख गुजारेमा थाम्ने अवधि भुक्तान भएपछि त्यस्तो पुनरावेदन पत्र तामेलीमा राखिनेछ ।

१०. **मूल नियमावलीको नियम ५३ मा संशोधन** : मूल नियमावलीको नियम ५३ को उपनियम (३) को सट्टा देहायको उपनियम (३) राखिएको छः-

"(३) पुनरावलोकनको लागि परेको निवेदनपत्र पहिला फैसला गर्ने न्यायाधीश बाहेकका अन्य न्यायाधीशको इजलास समक्ष पेश गरिनेछ । निवेदन पत्रको व्यहोराबाट फैसलामा ऐनमा उल्लेख भए बमोजिमको कुनै त्रुटि देखिएमा सो निवेदनपत्र हेर्ने न्यायाधीश वा न्यायाधीशहरुको इजलासले सो कुरा उल्लेख गरी निवेदकलाई पुनरावलोकनको निस्सा दिई प्रत्यर्थीलाई तोकिएको तारेखमा उपस्थित हुने आदेश दिनेछ ।"



Scanned by CamScanner

११. **मूल नियमावलीको नियम ५७ मा संशोधन** : मूल नियमावलीको नियम ५७क पछि देहायको ५७ख थप गरिएकोछ

"५७ख.निवेदन तामेलीमा राखिने : कुनै निर्णयको पुनरावलोकन गर्ने वा दोहर्याई हेर्ने वा अनुमतिको निस्सा प्रदान गर्ने गरी आदेश भएपछि पुनरावेदनको रुपमा दर्ता नहुदै निवेदकले म्याद तारेख गुजारेमा थाम्ने अवधि समाप्त भएपछि त्यस्तो निवेदन तामेलीमा राखिनेछ ।"

१२. **मूल नियमावलीको नियम ६३ मा संशोधन** : मूल नियमावलीको नियम ६३ को उप नियम (३) को खण्ड (ग१) खारेज गरिएको छ ।

१३. **मूल नियमावलीको परिच्छेद १३. मा संशोधन** : मूल नियमावलीको परिच्छेद १३ पछि देहायको परिच्छेद १३क. र नियम १०५क, १०५ख., १०५ग, र १०५घ थपिएका छन् ।

## परिच्छेद १३ क
## सूचना प्रविधि सम्बन्धी व्यवस्था

१०५क. **सूचना प्रविधिको प्रयोग र त्यसको कानुनी मान्यता** : (१) सर्वोच्च अदालत र मातहत अदालतहरु तथा सर्वोच्च अदालत र विभिन्न निकायहरु बीच मुद्दा मामिला लगायतका काम कारवाही सूचना प्रविधिको माध्यमबाट समेत गर्न गराउन सकिनेछ ।

(२) पत्राचार, सूचना तथा जवाफ आदान प्रदान गर्ने लगायतका सक्कलै कागज नचाहिने काममा छिटो र सजिलो माध्यमको रुपमा इन्टरनेट लगायतका अन्य प्रविधिको प्रयोग गर्न सकिने छ ।

१०५ख. **वेब साइटको विस्तार** : (१) सर्वोच्च अदालत र मातहत अदालत तथा अदालत र अन्य सरकारी कार्यालय एवं संघ संस्था बीच हुने काम कारवाहीलाई छिटो छरितो र प्रभावकारी रुपमा सम्पन्न गर्न सर्वोच्च अदालत लगायत अन्य अदालतले आ-आफ्नो बेवसाइट स्थापनागर्न सक्नेछन् ।

(२) सर्वोच्च अदालत मातहतका अदालतले उपनियम (१) बमोजिम आफ्नो छुट्टै वेव साइट निर्माण गर्नु अघि सोको स्विकृती सर्वोच्च अदालतबाट लिनु पर्नेछ ।



Scanned by CamScanner

१०५ग. **अदालतमा सफ्टवेयरको प्रयोग** :सर्वोच्च अदालत र मातहत अदालतहरुका काम कारवाहीको लागि सफ्टवेयरको निर्माण, विकास र प्रयोग गर्न सकिनेछ ।

१०५घ. **केन्द्रीय नेटवर्किङ्गको स्थापना** : सर्वोच्च अदालतले विभिन्न अदालतहरु बीचमा गरिने काम कारवाहीलाई केन्द्रिय एकिकृत प्रणालीमा समावेश गर्न नेटवर्किङको विकासतथा विस्तार गर्न सक्नेछ ।

४. **मूल नियमावलीको नियम ११५ मा संशोधन** : मूल नियमावलीको नियम ११५ को उपनियम (१) को खण्ड (ङ) को उपखण्ड (इ) पछि देहायको (ई) थपिएको छ :

"(ई) **सूचना प्रविधि शाखा** :सर्वोच्च अदालत तथा मातहत अदालतमा सूचना प्रविधिको प्रयोगको लागि आवश्यक सफ्टवेयरको निर्माण, परिमार्जन तथा नेटवर्किङ्ग लगायतका सूचना प्रविधि संवन्धी प्राविधिक सहयोगको लागि आवश्यक व्यवस्था मिलाउने कार्य यस शाखाले गर्नेछ ।"

५. **मूल नियमावलीको नियम ११६ मा संशोधन** : मूल नियमावलीको नियम ११६ को सट्टा देहायको नियम ११६ राखिएको छः

"**११६. यस नियमावली वमोजिम व्यवस्था**: यस नियमावलीमा लेखिएका कुरामा यसै नियमावली वमोजिम हुनेछ । यी नियमहरुमा व्यवस्था नभएका आन्तरिक कार्यविधि संवन्धी कुराहरु आवश्यकतानुसार सर्वोच्च अदालतले आफै निर्धारित गर्न र आवश्यक विषयमा निर्देशिका जारी गर्न सक्नेछ ।"

**रुपान्तरः-**

मुल नियमावलीको ठाउं ठाउंमा परेका देहायका शब्दहरुको सट्टा देहायका शब्दहरु राखी रुपान्तर गरिएको छ :-

(क) नेपाल अधिराज्यको संविधान, २०४७ को सट्टा नेपालको अन्तरिम संविधान, २०६३

(ख) धारा ८८ को सट्टा धारा १०७ ।



Scanned by CamScanner

सूचना २

**पुनरावेदन अदालत (आठौं संशोधन) नियमावली, २०६४ को मस्यौदा**

पुनरावेदन अदालत नियमावली, २०४८ मा संशोधन गर्न वाञ्छनीय भएकोले, न्याय प्रशासन ऐन, २०४८ को दफा ३१ ले दिएको अधिकार प्रयोग गरी सर्वोच्च अदालतले देहायका नियमहरु बनाएको छ:

**१. संक्षिप्त नाम र प्रारम्भ:**

(१) यी नियमहरुको नाम "पुनरावेदन अदालत (आठौं संशोधन) नियमावली, २०६४ रहेको छ ।

(२) यस नियमावलीको नियम ३ र ४ सर्वोच्च अदालतले नेपाल राजपत्रमा सूचना प्रकाशन गरी तोकिदिएको मिति देखि र अन्य नियमहरु तुरुन्त प्रारम्भ हुनेछन् ।

**२. पुनरावेदन अदालत नियमावली २०४८ को नियम ३ पछि नियम ३क थप:**

पुनरावेदन अदालत नियमावली, २०४८ (यस पछि मुल नियमावली भनिएको) को नियम ३ पछि देहायको नियम ३क थप गरिएको छ :-

३क. **मुख्य न्यायाधीशको जिम्मेवारी र कर्तव्य:-** (१) मुख्य न्यायाधीशले न्यायपरिषद ऐन २०४७ को दफा ४क मा उल्लेखित न्यायाधीशले पदिय कर्तव्य इमान्दारीपुर्वक पालना नगरेको विषय र आचरण खराव रहेको विषयमा केही बुझिन आए वा देखिन आए तत्कालै त्यसको विवरण प्रधानन्यायाधीश समक्ष पठाउनु पर्नेछ ।

(२) न्यायाधीशको आचार संहिता पालन भए नभएको अनुगमन एवं मुल्याङ्कन गर्ने तथा न्यायपरिषद ऐन २०४७ को दफा ४ख बमोजिम पुनरावेदन अदालत वा जिल्ला अदालतका न्यायाधीशहरुको काम कारवाही सम्वन्धमा र मातहत अदालतको न्यायिक गतिविधी सम्बन्धमा समेत मुल्याङ्कन प्रतिवेदन मुख्य न्यायाधीशले प्रत्येक तीन महिनामा प्रधानन्यायाधीश समक्ष पठाउनु पर्नेछ ।

(३) न्यायपरिषद (कार्यविधि) नियमावली, २०५६ को नियम ९ बमोजिम पुनरावेदन अदालत र जिल्ला अदालतका न्यायाधीशको कार्यविवरण सम्वन्धी विवरण प्रत्येक महिना प्रधानन्यायाधीश समक्ष पठाउनु पर्नेछ ।

(४) पुनरावेदन अदालत र मातहत अदालतका अधिकृत कर्मचारीहरुको अनुशासनहिनता सम्बन्धी विषय, पदीय कर्तव्य इमान्दारिपूर्वक पालना नगरेको विषय र आचरण खराव रहेको विषयमा आएका गुनासा, शिकायत एवं देखिएका कमी कमजोरीका सम्बन्धमा मुख्य न्यायाधीशले आफ्नो तहबाट आवश्यक कदम चाली समाधान गर्ने र समाधान हुन



Scanned by CamScanner

नसक्ने वा गंभिर प्रकृतीका विषयहरु देखिए तत्कालै त्यसको विवरण प्रधान न्यायाधीश समक्ष पठाउनु पर्ने छ ।

(५) नियम ३ बमोजिम आफ्नो र मातहत अदालत वा निकायहरुको प्रशासनिक नियन्त्रण गर्ने कार्य वा उपनियम (१), (२), (३) र (४) का विषयमा तत्काल गर्नुपर्ने कार्य नगरी वा चाल्नुपर्ने कदम नचाली अनुशासनहिनता बढ्न गएमा वा जनमानसमा त्यसबाट अदालत प्रति नकारात्मक धारणा पर्न गएमा त्यसको जवाफदेहीता मुख्य न्यायाधीशको हुनेछ ।

३. **मूल नियमावली मा नियम १०क थप**: मुल नियमावलीको नियम १० पछि देहायको नियम १०क थप गरिएको छ:-

**१०क. वाणिज्य इजलासको गठन:** (१) नियम ९ तथा १० मा जुनसुकै कुरा लेखिएको भएतापनि प्रचलित कानून बमोजिम वाणिज्य इजलासबाट कारवाही र किनारा गर्नु पर्ने मुद्दाको कारवाही र किनारा गर्न सर्वोच्च अदालतको सहमती लिई नेपाल सरकारले नेपाल राजपत्रमा सूचना प्रकाशन गरी पुनरावेदन अदालतमा आवश्यकता अनुसार छुट्टै वाणिज्य इजलास गठन गर्न सक्नेछ । वाणिज्य इजलासका लागि प्रधानन्यायाधीशले तोकेको पुनरावेदन अदालतका न्यायाधीशले वाणिज्य इजलासको न्यायाधीशको रुपमा काम गर्ने छन् ।

(२) उपनियम (१) बमोजिम गठन हुने इजलास एक न्यायाधीशको इजलास वा संयुक्त इजलास हुनेछ ।

(३) उपनियम (१) बमोजिम गठन भएको इजलासले मुद्दाको कारवाही गर्दा एक न्यायाधीशको इजलासबाट र किनारा गर्दा संयुक्त इजलासबाट गर्ने छ ।

(४) वाणिज्य इजलासमा नतोकिएको दिन मुख्य न्यायाधीशले वाणिज्य इजलासमा काम गर्ने न्यायाधीशलाई आवश्यकता अनुसार अन्य मुद्दा समेत हेर्ने गरी तोक्न सक्ने छ ।

(५) वाणिज्य इजलास सम्वन्धी अन्य व्यवस्था प्रचलित कानून र यस नियमावलीमा व्यवस्था भए बमोजिम हुनेछ ।



Scanned by CamScanner

४. **मुल नियमावलीको नियम ११ मा संशोधनः** मुल नियमावली को नियम ११ मा रहेको "संयुक्त इजलासबाट" भन्ने शब्दहरुको सट्टा "संयुक्त इजलास वा वाणिज्य इजलासबाट" भन्ने शब्दहरु राखिएका छन्।

५. **मुल नियमावलीको नियम १३ मा संशोधनः** मूल नियमावलीको नियम १३ को उपनियम (१) को खण्ड (प) पछि देहायको खण्ड (फ) थपिएको छः-

(फ) अदालतमा सूचना प्रविधिको प्रयोग सम्बन्धमा आवश्यक कार्य गर्ने गराउने।

६. **मुल नियमावलीको नियम १०५ मा संशोधनः** मुल नियमावलीको नियम १०५ को व्यवस्था झिकिएको छ।

७. **मूल नियमावलीको नियम ११३ मा संशोधनः** मूल नियमावलीको नियम ११३ को खण्ड (ड) पछि देहायको खण्ड (ढ) थपिएको छ :-

(ढ) सूचना प्रविधि शाखा।



Scanned by CamScanner